# काठ लिलाम बिक्री सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/१२/०८

यस सा.व..उ.स.को स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०७८/०७९ र आ.व. ०७९।०८० मा उत्पादन भई जिल्ला वन पैदावार आपुर्ति समिति, अर्घाखाँचीको लागि राखिएका गोलिया काठ समूहलाई फिर्ता भएकोले डिभिजन वन कार्यालय, अर्घाखाँचीको लिलाम सहमति बमोजिम साल जातको गोलिया थान ११७ को ११३४।८९ क्यू.फिट काठलाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि १५ दिन भित्र बोलपत्र खरीद गरी १६ औं दिनको ३:०० बजे भित्र दाखिला गर्नहुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ ।

शंकरपुर सामुदायिक वन उपभोक्ता समूह
शितगंगा- ११, अर्घाखाँची

# शंकरपुर सामुदायिक वन उपभोक्ता समूह
# शितगंगा न.पा.-११, अर्घाखाँची

पत्र सं.०८१।०८२
च.नं. 25

मिति २०८१।१२।०८

विषय : काठ दाउरा बिक्रीको सूचना वेभ साइटमा राखि दिने बारे ।

श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका दाङ्ग
श्री वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही
श्री डिभिजन वन कार्यालय, अर्घाखाँची

उपर्युक्त विषयमा शंकरपुर सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०७८।०७९ र आ.व. ०७९/०८० मा उत्पादन भएका वन पैदावार आपूर्ति समितिवाट फिर्ता भई घाटगद्धीमा रहेका काठ लिलाम सम्वन्धी शिलवन्दी बोलपत्र आवहनको लागि मिति २०८१।१२।०८ गतेको बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी समूहले तयार गरेको विस्तृत सूचना तहाँ कार्यालयको वेभसाइटमा राखि दिन हुनका लागि यसै साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

..........................
कर्ण बहादुर कुँवर
का.वा.अध्यक्ष

# शंकरपुर सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

प.सं. ०८१।०८२

च.नं.

मिति : २०८१।११।०८

**विषय : काठ लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना ।**

(बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित मिति २०८१।११।०८)

प्रस्तुत विषयमा यस सामुदायिक वनको व्यवस्थापनको कममा आ.व. ०७८।०७९ र आ.व. २०७९/०८० मा ढलापडाका रुखहरु संकलन गर्दा उत्पादन भई जिल्ला वन पैदावार आपुर्ति समिति, अर्घाखाँचीको लागि छुट्राई राखिएकोमा उक्त गोलिाय बिक्री नभई समूहलाई फिर्ता भएका साल जातको गोलिया थान ११७ को ११३४.८९ क्यू.फिट गोलिया काठलाई (कायम गरिएको १ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोवार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिन भित्र बोलपत्र खरीद गरी १६ औं दिन शनिवार भएकोले मिति २०८१।१२।२४ गते दिउसको ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. १२२३ मिति २०८१।०९।०७ गतेको लिलाम सहमति बमोजिम दोश्रो पटक प्रकाशित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | स्तर (ग्रेड) | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८१/०८२ | आ.व. ०७८।०७९ र आ.व. ०७९।०८० मा उत्पादन भई वन पैदावार आपूर्ति समितिबाट फिर्ता भएका गोलिया काठ | साल | A | ३० | ५२३.८५ | १२५० | ६५४८१३ | १७०,२३४ | |
| | | साल | B | ३७ | ३४५.४५ | ९०० | ३१०९०५ | | |
| | | साल | C | ४९ | २६२.३ | ६०० | १५७३८० | | |
| | | साल | D | १ | ३.२९ | ३५० | ११५२ | | |
| | जम्मा | | | ११७ | ११३४.८९ | | ११२४२४९ | १७०,२३४ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८१/१२/२२ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८१/१२/२४ गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट रु. २०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलबन्दी बोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको कृषि विकास बैंक, तौलीहवा शाखा, कपिलवस्तुमा रहेको हिसाव नं. ०४१५४००६१८६१७०१० खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

# शंकरपुर सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा., वडा नं. ११, अर्घाखाँची

५. लिलाम बिक्री हुने वन पैदावार सम्बन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोबार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अद्यावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।१२।२६ गते दिनको ३:०० बजे कार्यालय प्रतिनिधी, बोलपत्रदाता वा निजका प्रतिनिधि रोहबरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्बन्धित कार्यालयबाट बिक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा बिक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खामगा लट नम्बर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी शंकरपुर सा.व.उ.स. को काठ लिलाम शिलबन्दी बोलपत्र भनी उल्लेख गरेको हुनु पर्नेछ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८१ साल चैत्र महिनाको ०८ गते रोज ०६ मा शुभम् ……………………………।